नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# नापी विभाग

प्रशासन
(......................................शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्याः- २०८०/८१/१/११
प्राप्त पत्र संख्याः- .................
च.नं.:- १२३२

मिति : २०८०/०७/१५

**विषय :- सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**श्री महाशाखा, सबै ।**
**श्री विशेष नापी कार्यालय, सबै ।**
**श्री डिजिटल नापी कार्यालय, बनेपा ।**
**श्री नापी कार्यालय, सबै ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबारको प.स. १.१/प्र/२०८०/०८१/१(१)४, च.नं ७२९, मिति २०८०/०७/०२ को सुझाव कार्यान्वयन गर्ने सम्बन्धी पत्रसाथ प्राप्त कागजात थान २ (दुई) यसैसाथ संलग्न राखी पठाईएको छ । व्यहोरा उक्त पत्रबाट अवगत गर्नु भई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा दिइएका यस विभागसँग सम्बन्धित सुझाबहरुको कार्यान्वयन गरी सोको जानकारी मन्त्रालय र यस विभागलाई समेत उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(राधा देवकोटा उपाध्याय)
उप सचिव

**बोधार्थ :**
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री योजना तथा जग्गा प्रशासन शाखा, नापी विभाग ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या:- १.१./प्र./२०८०/०८१/१(१)४
चलानी नं.:- 625

मिति :- २०८०/०७/०२

विषयः सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री सबै महाशाखा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं ।
श्री नापी विभाग, मीनभवन, काठमाडौं ।
श्री सहकारी विभाग, नयाँबानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।
श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँबानेश्वर ।
श्री राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक ।
श्री गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ।
श्री साझा प्रकाशन सहकारी संस्था लि., पुल्चोक ललितपुर ।
श्री साझा भण्डार सहकारी संस्था लि., भोटाहिटी ।
श्री साझा यातायात सहकारी संस्था लि., पुल्चोक ।
श्री साझा सेवा सहकारी संस्था लि., बल्खु ।
श्री साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. कपन, चाबहिल ।

नापी विभाग
दर्ता नं.: 9522
प्राप्त मिति: २०८०-६-८

अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा प्रकाशित आर्थिक वर्ष २०७९/८० को तेत्तिसौं प्रतिवेदन आयोगको वेवसाइट (https://ciaa.gov.np/uploads/publicationsAndReports/0wS8NV.pdf ) मा उपलब्ध छ । उक्त प्रतिवेदनको परिच्छेद-५ सुझावहरु अन्तरगत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई आयोगद्वारा दिइएका तहाँसँग सम्बन्धित सुझावहरु कार्यान्वयन गर्ने गराउने सम्बन्धमा आवश्यक कारवाही गरी सोको जानकारी समेत उपलब्ध गराउनु हुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८०/०७/०२ को निर्णयानुसार अनुरोध छ ।

(माधवकुमार वाग्ले)
शाखा अधिकृत

बोधार्थः-
अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौं।

- नेपालको पर्यटन, व्यापार, कृषि, जलस्रोत, उद्योग क्षेत्रलगायतलाई कुटनीतिक माध्यमबाट प्रवर्द्धन गर्ने वार्षिक कार्ययोजना बनाई सोहीअनुसार कार्य गर्ने,
- विदेशस्थित नेपाली दुतावास/नियोगहरूबाट हुने कामकारबाहीको निगरानी एवं गुनासो व्यवस्थापनका लागि प्रभावकारी अनुगमन प्रणाली विकास गर्ने,
- विदेशस्थित घरेलु कामदारको हकमा मालिकबाट राखिएको धरौटीलगायतका अन्य रकम हिनामिना हुन नदिन तथा हिंसा/दु:ख/पीडा लगायतका समस्यामा समयमै उद्दार गर्न सहयोग पुग्ने गरी यकिन तथ्यांकसहित यस्ता विवरणहरूको अभिलेख राख्ने व्यवस्था मिलाउने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

- सरकारी जग्गा र सार्वजनिक जग्गा संरक्षणको लागि देहायका कार्यहरू गर्ने:
  - सरकारी, सार्वजनिक जग्गा अतिक्रमण गर्ने तथा विभिन्न व्यक्ति तथा निकायको नाममा दर्ता गर्ने गराउने जस्ता कार्यहरू नियन्त्रण गर्न आवश्यक कार्य गर्ने,
  - जिल्ला प्रशासन कार्यालय, स्थानीय तहहरू, जिल्ला प्रहरी कार्यालय जस्ता निकायहरूसँग समन्वय गरी सार्वजनिक जग्गा संरक्षणमा थप जिम्मेवार बन्नुपर्ने,
  - जग्गा दर्ता गर्ने कर्तव्य भएका कार्यालय, पदाधिकारी र त्यस्ता कार्यालयका तालुक कार्यालयले समेत यस्तो संवेदनशील विषयमा विशेष सतर्कता अपनाउन र मातहतका कार्यालयहरूलाई समेत विशेष सतर्कता अपनाउन निर्देशन दिई मातहतका कार्यालय/पदाधिकारीहरूको यस प्रकारको कार्यमा विशेष निगरानीसमेत राख्ने,
- सरकारी जग्गा जमिनहरू र त्यस्ता जग्गा जमिनमा रहेका पोखरी, ताल आदिले चर्चेको जग्गाको सम्बन्धित नापी कार्यालयमा रहेको नक्सा, फिल्ड बुक र मालपोत कार्यालयमा रहेको श्रेस्ता पुर्जाहरूमा उल्लेख भएका विवरणहरू एक आपसमा नमिल्नुको कारण पहिचान गरी सम्बन्धित मन्त्रालय/विभाग/कार्यालयहरूले सरकारी सम्पत्तिहरूको अभिलेख एक अर्कासँग मिल्ने गरी दुरुस्त र एकरूपता कायम गर्ने,
- भूमी प्रशासनको अभिलेखीकरण व्यवस्थित नदेखिएकाले त्यसलाई व्यवस्थित गर्न डिजिटल अभिलेखीकरण गराई Nagarik App सँग जोडी सर्वसाधारणले आफ्नो जग्गाको अभिलेख हेर्न मिल्ने बनाउने,
- यथार्थ कारोबारलाई नै थैली अंक कायम गर्ने प्रणाली स्थापित गर्ने,
- सहकारी सदस्यहरूको बचत सुरक्षण गर्न, सहकारी व्यवस्थापन गर्न तथा सहकारी समस्या समाधान गर्न सहकारीहरूको अनुगमन गर्ने, नेपाल राष्ट्र बैंकले तोकेभन्दा बढी कारोबार गर्ने सहकारीहरूलाई कारोबार सीमाको आधारमा वित्तीय जानकारी इकाईमा अनिवार्य पठाउने व्यवस्था गर्ने तथा दश करोडभन्दा बढी चुक्ता पुंजी हुने सहकारीलाई नेपाल राष्ट्र बैंकबाट अनिवार्य नियमन हुने प्रबन्ध मिलाउने,
- संगठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत सहकारी विभागको पुनर्संरचना गरी संस्थागत क्षमता सुधारमार्फत विभागलाई सबल र सशक्त बनाउने । सूचना प्रविधिको उपयोगमार्फत सहकारी कारोबारको अनुगमन र निगरानी गर्न सक्ने संयन्त्रको विकास र उपयोग गर्ने,
- भूमिसम्बन्धी ऐन, २०२१ (छैठौं संशोधन, २०७२) को दफा १५ (क.१) मा रहेको प्रावधान मुताबिक हदबन्दी भन्दा बढीको जग्गाका मोही लागेको भए मोही हक व्यवस्थापन गरी छुट्याई बाँकी जग्गा नेपाल सरकारको स्वामित्वमा ल्याउने व्यवस्थाबमोजिम कार्य सम्पादन गर्ने एवं उक्त

कार्यका लागि नेपालभर हदबन्दी भन्दा बढी रहेका जग्गाको छानबिन/अनुसन्धान गर्ने । यसरी एकीकृत तथ्यांक तयार गर्ने कार्य अनिवार्य रूपमा एक (१) वर्षभित्र सम्पन्न गर्ने,

- उपत्यका विकास प्राधिकरण तथा नगर विकास समितिबाट अनुमति लिई प्लटिङ गरिएका जग्गाहरूमा मापदण्डअनुरुप सार्वजनिक कायम गरिएको जग्गालाई नेपाल सरकारका नाममा कायम गरी श्रेस्ता तयार भएपछि मात्र प्लटिङअनुरुप जग्गाको कित्ताकाट गर्ने व्यवस्था मिलाउने तथा प्लटिङ परमिट बिना व्यावसायिक रूपमा प्लटिङ गरी जग्गा खरिद-बिक्री गर्दा समेत सरकारी/सार्वजनिक र बाटोलगायत खुला स्थानलाई नेपाल सरकारका नाममा कायम गरी श्रेस्ता तयार गर्ने व्यवस्था मिलाउने,
- भूमिको व्यवस्थित उपयोगका लागि भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयन गर्ने,
- अनुसन्धानको सिलसिलामा सार्वजनिक निकायका कागजपत्र हराएको, च्यातिएको तथा नष्ट भएको पाइएको हुँदा सार्वजनिक निकायमा बिचौलियाको प्रवेश रोक्ने, कार्यालयका फाइलहरूमा बिचौलियाको पहुँच पुग्न नसक्ने व्यवस्था मिलाउने र सार्वजनिक निकायका कागजपत्र संरक्षणका लागि जिम्मेवार व्यक्ति/पदाधिकारी तोक्ने आवश्यक व्यवस्था मिलाउने,
- सरकारी/सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी विभिन्न समयमा गठन भएका आयोगहरूले सरकारी/सार्वजनिक भनी प्रमाण जुटाएका जग्गाहरू साबिकबमोजिम सरकारकै नाममा कानुनबमोजिम कायम गर्ने ।

## ११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

### ११.१. भौतिक पूर्वाधारतर्फ

- सडक निर्माणमा ढलानको गुणस्तर नियन्त्रण हुन नसकेकाले सोका लागि आवश्यक प्रबन्ध गर्ने ।
- सार्वजनिक निकायले Design Review को लागि निश्चित समय सीमाभित्र निर्णय गर्नुपर्ने र सोका लागि आवश्यक कार्यविधि बनाई लागू गर्ने,
- कुनै पनि सडकको मर्मत कार्य गर्दा Existing Pavement को मर्मत गरी Overlay गर्ने गरेको र Road Pavement को Level Increase भई सडकको छेउमा Vertical Gap भई सवारी दुर्घटना हुनसक्ने कारणहरूले सडकको Top Level Fix गरी सोहीअनुसारको मर्मत कार्य गर्ने व्यवस्था मिलाउनुका साथै सडक मर्मत कार्य पूर्व Need Assessment गरी मात्र सो कार्य गर्ने व्यवस्था गर्ने,
- सार्वजनिक निकायले QAP (Quality Assurance Plan)/स्पेसिफिकेसनबमोजिमको परीक्षणहरू गरी/गराई उपयुक्त गुणस्तरको कार्य वा सामान मात्र स्वीकार गर्ने र आफू मातहतका सबै निकायमा एकरुपता कायम गर्ने व्यवस्था कडाईका साथ पालना गर्नका लागि आवश्यक भएमा विभागीय कार्यविधि/निर्देशिका तयार गरी लागू गर्ने,
- खरिद गुरुयोजनामा एक थरी उल्लेख गरेर अर्कै खालको प्याकेज बनाई खरिद हुने गरेकोमा गुरुयोजनाअनुसार कार्यन्वयन गर्नमा कुनै कठिनाई भए सो जनाई खरिद गुरुयोजना विधिवत संशोधन गर्ने,
- निर्माण व्यवसायीले मोबिलाइजेसन पेश्की लिने र वर्षौंसम्म निर्माण सम्पन्न नगर्ने, सार्वजनिक निकायले निर्माण व्यवसायीलाई कुनै कारबाही नगर्ने, म्याद थप गर्दै जाने जस्ता कार्यहरू बन्द गरी कानुनले तोकेअनुसारको कारबाही अगाडि बढाउन समयमै पहल गर्ने, अन्यथा सम्बन्धित पदाधिकारीलाई नै कानुनी दायरामा ल्याउने,